## कार्यालय प्रमुख वैठक (२०७५-१०-०४)

१. नापी कार्यालयमा भएको घटनालाई लिएर केही सञ्चार माध्यम र सामाजिक संजाल मार्फत कर्मचारीहरुको मान मर्यादामा आँच आउने लेख आएकोले सवै कार्यालयले यस पूर्वको निर्णय तथा निर्देशानुसार आर्थिक अनियमिततामा शुन्य सहनशिलताको नितीलाई व्यवहारिक बनाउने साथै कार्यालय प्रमुखले त्यस्ता कार्य हुन नदिन विशेष सजगता अपनाउने ।

२. सवै कार्यालयले नागरिक वडापत्र स्पष्ट देखिने गरी राख्ने । साथै सोही बमोजिम समयमानै कार्य सम्पादन गर्ने गराउने ।

३. कार्यालय प्रमुखहरुको वैठकबाट यस अघि भएका निर्णयहरु कार्यान्वयनमा ढिला सुस्ति देखिएकोले यथासिघ्र कार्यान्वयन गर्ने ।

४. प्रत्येक कार्यालयहरुले प्रत्येक महिना कम्तीमा १ (एक) वटा कार्यालय सुधारमा नयाँ (Innovative) कामको सुरुवात गर्ने । त्यसको जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने । अर्को कार्यालय प्रमुखको वैठकमा प्रगति प्रस्तुत गर्ने ।

५. अधिकांश कार्यालय प्रमुखले आफ्नो कार्यालयका सूचना अधिकारीहरुलाई यथेष्ठ सूचना उपलब्ध गराउने ।

६. प्रदेश नं. २ का उद्योग, वन र वातावरण मन्त्री मा.विजय कुमार यादव र विद्यनाथ झा बीच अस्वभाविक घटना घट्न गएकोले आ-आफ्नो कार्यालयमा सुरक्षा चनाखो बढाउँदै राजनितिक दलका प्रमुख तथा प्रतिनिधिसँग सुमधुर सम्बन्ध बनाइ राख्ने र शान्ति सुरक्षा सम्बन्धमा जि.प्र.का. सँग सम्बन्ध र समन्वय कायम राख्ने ।

७. कार्यालय प्रमुखहरु कार्यालय छोडी जिल्ला बाहिर जाँदा प्र.जि.अ. ज्यूको अनुमति लिएर मात्र जिल्ला छाड्ने साथै सार्वजनिक विदाका दिनमा जिल्ला प्रशासन कार्यालयको सवारी पास लिएर मात्र सवारी चलाउने ।

८. आ-आफ्नो निकायका सवारी साधन यातायात व्यवस्था कार्यालयसँग समन्वय गरी प्रदुषण मापन गर्ने गराउने । सवै सवारी साधनको ब्लुवुक नवीकरण गराउने ।

९. पूजिगत खर्च न्यून देखिएकोले विकास कार्यक्रमलाई प्राथमिकतामा राखी तोकिएको म्याद (माघ १५) भित्र सम्झौता कार्यान्वयन गर्ने गराउने ।